प.सं. : प.सं.: ०७७/०७८/प्रशासन
च.नं. : ३६२९

मितिः २०७७/१२/१२

श्री वडा कार्यालयहरु (सवै)
तिलोत्तमा, रुपन्देही ।

विषयः आवश्यक सहयोग सम्वन्धमा ।

प्रस्तुत विषयमा भूमि सम्वन्धी समस्या समाधान आयोग, ताहाचल काठमाण्डौ को मिति २०७७/११/१० मा प्रकाशित सूचना यसै पत्र साथ संलग्न राखि पठाइएको छ । उक्त सूचना अनुसार तहाँ वडा अन्तरगत नेपाल सरकारको निर्णय बमोजिम यस पूर्व गठन भएका विभिन्न आयोग वा कार्यदलले वितरण गरेका जग्गाहरुको स्वामित्व वा दर्ता स्रेस्ता वा नक्सा प्रमाणित लगायतका विषयमा कुनै समस्या भए वा बाँकी काम भए सोको विवरण सहित सम्वन्धित सरोकारवालाहरुलाई तहाँ वडा कार्यालयबाट सूचना संप्रेषण गरिदिई मिति २०७७/१२/१५ गते भित्र आयोगको रुपन्देही जिल्ला समितिको कार्यालय (जिल्ला समन्वय समितिको कार्यालय, भैरहवा) मा पठाईदिनु हुन अनुरोध छ ।साथै सम्वन्धित सेवाग्राहीहरुलाई अधुरा कार्यसम्पादन कार्यविधि, २०७७ को अनुसूची २ बमोजिमको फारम निशुल्क रुपमा उपलब्ध गराईदिनुहुन समेत अनुरोध छ ।

वोधार्थः
श्री भूमी सम्वन्धी समस्या समाधान आयोग, जिल्ला समिति रुपन्देही ।

माधव प्रसाद पोखेल
शाखा अधिकृत

अनुसूची–१

# सूचना

# भूमि सम्बन्धी समस्या समाधान आयोग

ताहाचल, काठमाडौं

## नेपाल सरकारको निर्णय बमोजिम यस पूर्व गठन भएका विभिन्न आयोग वा कार्यदलले वितरण गरेका जग्गाहरूको स्वामित्व वा दर्ता स्रेस्ता वा नक्सा प्रमाणित लगायतका विषयमा कुनै समस्या भए वा बाँकी काम भए सोको विवरण भरी निवेदन पेस गर्ने ३५ दिने सूचना

**सूचना प्रकाशित मिति : २०७७।११।१०**

नेपाल सरकारले प्रचलित कानून बमोजिम भूमि सम्बन्धी समस्या समाधान गठन आदेश, २०७६ जारी हुनु पूर्व गठन गरेका विभिन्न आयोग/कार्यदल/समिति (मालपोत ऐन २०३४ को दफा ७ को उपदफा (१क) बमोजिम गठन भएका जग्गा दर्ता समिति बाहेक) बाट वितरण गरेका जग्गाहरूको स्वामित्व वा दर्ता स्रेस्ता वा नक्सा प्रमाणित लगायतका विषयमा कुनै समस्या भए आवश्यक प्रमाण कागजात सहित यस आयोगबाट जारी भएको **"अधुरा कार्य सम्पादन कार्यविधि, २०७७" को अनुसूची–२ बमोजिमको ढाँचामा यस आयोगको सम्बन्धित जिल्लाको जिल्ला समिति (जिल्ला समन्वय समितिको कार्यालयमा रहेको) को कार्यालयमा यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले ३५ दिनभित्र** निवेदन पेस गर्नुहुन भूमि सम्बन्धी (अठारौं संशोधन समेत) नियमहरू, २०२१ को नियम ४१ न (१) बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। सम्बन्धित व्यक्तिले पेस गर्नुपर्ने निवेदनको ढाँचा यस आयोगको वेबसाइट **www.lirc.gov.np** बाट डाउन लोड गरी वा आयोगको जिल्ला समितिको कार्यालय वा सम्बन्धित स्थानीय तहबाट निःशुल्क प्राप्त गर्न सकिनेछ। आयोगको सम्बन्धित जिल्ला समिति र सबै स्थानीय तहबाट सेवाग्राहीलाई निःशुल्क रूपमा फाराम उपलब्ध गराई दिनुहुन यसै सूचनाद्वारा अनुरोध गरिन्छ।

अनुसूची-२

(अधुरा कार्य सम्पादन कार्यविधिको दफा ४ को उपदफा (२) सँग सम्बन्धित)

भूमि सम्बन्धी समस्या समाधान आयोग, २०७६

ताहाचल काठमाडौं

श्री भूमि सम्बन्धी समस्या समाधान आयोग,
जिल्ला समिति,...................... ।

विषय :- विगतका आयोग/कार्यदल/समितिबाट वितरण गरेका जग्गाको स्वामित्व वा दर्ता श्रेस्ता वा नक्शा प्रमाणीतसँग सम्बन्धित बाँकी कामका सम्बन्धमा ।

मेरो ...............................................को नाममा श्री ............................................................................. आयोग/कार्यदल/समिति ..............................................................................बाट मिति.......................................... मा वितरण भएको जग्गाको स्वामित्व/दर्ता श्रेस्ता/नक्शा प्रमाणीत वा सो संग सम्बन्धित जग्गाको ........................................................ समस्या भएकोले प्रचलित कानून बमोजिम आवश्यक छानवीन गरि समस्या समाधान गरिदिनु हुन तपसिल बमोजिमको विवरण र प्रमाण कागजात राखी यो निवेदन पेश गरेको छु।

**१. निवेदकको व्यक्तिगत विवरण :**

| | | | |
|---|---|---|---|
| (१.१) निवेदकको नाम,थर | | (१.२) हाल बसोबास गरेको गा.पा./न.पा. | |
| (१.३) वडा नं | | (१.४) टोल | |
| (१.५) नागरिकता नं. | | (१.६) जारी भएको मिति र जिल्ला | |
| (१.७) जन्मस्थान/जिल्ला | | (१.८ गा.वि.स./न.पा./वडा नं | |
| (१.९) स्थायी ठेगाना (जन्म स्थान भन्दा फरक जिल्ला भए) | | (१.१०) गा.वि.स./न.पा./वडा नं. | |
| (१.११) बाबुको नाम, थर | | (१.१२) बाजे/ससुराको नाम, थर | |
| (१.१३) पति/पत्निको नाम,थर | | (१.१४) जन्मस्थान/जिल्ला | |
| (१.१५) सम्पर्क नं | | (१.१६) अन्य | |

२. वितरण गरेका जग्गाको समस्या सम्बन्धी विवरण :

| समस्याको विवरण | जग्गा रहेको स्थान | जग्गा प्राप्त गरेको मिति | नक्शा भए सो विवरण | कित्ता नं. | क्षेत्रफल वर्गमिटरः विघाः कठ्ठा- धुर रोपनीः आना- पैसा-दाम | जग्गाको अभिलेख रहेको भए सो कार्यालय |
|---|---|---|---|---|---|---|
| १. | | | | | | |
| २. | | | | | | |
| ३. | | | | | | |
| ४. | | | | | | |

**३. यस वमोजिम निवेदन पेश गर्दा निवेदनमा उल्लेख भएको जग्गाको सम्बन्धमा आयोगको लगत सम्बन्धी कार्यविधि २०७७ को अनुसूची - ३ वा ४ बमोजिमको निवेदन समेत पेश भएको भए निवेदन फारामको**

(क) निवेदन फारम नं. ........

(ख) परिवार मुलीको नाम, थर ....................

**४. निवेदन साथ पेश गर्नु पर्ने कागजातहरु**

(क) नागरिकताको प्रतिलिपि,
(ख) सम्बन्धित व्यक्तिले भोग चलन गरेको वडा कार्यालयको सिफारीस,
(ग) दर्ता श्रेस्ता/स्वामित्व/फिल्डबुक सम्बन्धी निस्सा, प्रमाण,
(घ) अन्य प्रमाण कागजातहरु भए सो सम्बन्धी विवरण,
(ङ) राजस्व, तिरो, मालपोत बुझाएको भए सो को प्रमाण,
(च) संयुक्त स्वामित्व भए नाता प्रमाणित वा नागरिकताको प्रतिलिपि,
(छ) अन्य

उपरोक्त अनुसारको विवरण ठीक साँचो हो झुठा ठहरे कानून बमोजिम सजाय भोग्न मन्जुर छु ।

निवेदकको नाम, थर :-
दस्तखत :-
सम्पर्क नं.:-